बैठक संख्या:-

आज मिति २०८१ साउन १६ गते बुधबारका दिन च्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी न्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री दाताराम प्याकुरेल | सदस्य सचिव | |

अन्य उपस्थिती

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मुकेश पुर्वे | इन्जिनियर | |
| २ | सुदिप थापा | कम्प्युटर अपरेटर | |
| ३ | | | |

CamScanner

घ्याङलेख गाउँपालिका
गाउँकार्यपालिकाको बैठक
मिति २०८१ साउन १६ गते बुधबार
बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरुः-**

१. अघिल्ला बैठकको निर्णयको समिक्षा सम्बन्धमा।
२. गाउँ शिक्षा समितीको सदस्य मनोनयन गर्ने सम्बन्धमा ।
३. संघीय शिक्षा सिकाई अनुदान वितरण सम्बन्धमा ।
४. सडक हेरालु सम्बन्धमा ।
५. नयाँ भवनमा गाउँपालिकाको कार्यालय साथै २ नं. वडा कार्यालय सार्ने सम्वन्धमा ।
६. क्रशरको राजश्व असुली सम्बन्धमा ।
७. स्थानीय दररेट स्विकृत गर्ने सम्बन्धमा ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रम स्विकृत गर्ने सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १ | यस अघि भए गरेका निर्णयहरुको समिक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो । |
| २ | घ्याङलेख गाउँपालिकाको "शिक्षा ऐन, २०७५" को दफा १६ बमोजिम हुने गाउँ शिक्षा समिति विगत केहि समय देखि पुरानो सदस्यहरुको समयावधी सकि अपुर्ण भएकाले सो ऐनको सोही दफा वमोजिमको गाउँ शिक्षा समिति पुर्नगठन गर्न व्यापक छलफल भई आगामी कार्यपालिका बैठकबाट मनोनयन गर्ने निर्णय गरियो । |
| ३ | यस कार्यालयको च.न २ र ३ मिति २०८१/०४/१३ गतेको पत्रलाई समेत अनुमोदन गरी आधारभूत तह (६-८) तथा माध्यमिक तह (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ र कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० तथा प्रस्तावित कार्यान्वयन पुस्तिका २०८१ अनुसार तपसिल अनुसारका विद्यालयलाई तपसिल अनुसारनै गर्ने निर्णय गरियो ।<br>तपसिल<br>क) आधारभूत तह (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सिकाई अनुदान - मा.वि.गोपे पद संख्या १<br>ख) माध्यमिक तह (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सिकाई अनुदान -<br>अ) मा.वि.गोपे पद संख्या १<br>आ) मा.वि तामाजोर पद संख्या १ |

| | |
|---|---|
| | इ) मा.वि भैसे पद संख्या २<br>ई) मा.वि मरिण हायुटार पद संख्या १<br>उ) मा.वि अमले पद संख्या १<br>पुनश्च :- मा.वि मरिण हायुटार पालिका भित्रका विद्यालयहरुमध्ये अधिक विद्यार्थी भएका विद्यालयका आधारमा र मा.वि अमले आवश्यकताको आधारमा संघीय शिक्षण शिकाई अनुदान मापदण्ड पुगेका विद्यालयमा बाँडफाँड पछिपनि अनुदान मौज्दात भएकोले माध्यमिक तह (९-१०) शिक्षण शिकाई अनुदान संख्या १/१ गर्न आवश्यक देखिएकोले अंग्रेजी, गणित र विज्ञान शिक्षक व्यवस्थापनार्थ शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा लेखि पठाउने निर्णय गरीयो । |
| ४ | यस गाउँपालिकाको १ देखी ५ वटै वडाहरुमा वर्षातको समयमा बाढी पहिरोको कारण सडक बिग्रने भत्किने भई मानिस तथा सवारी साधनको आवत जावतमा कठिनाई पैदा हुने हुदाँ प्रत्येक वडामा ३ जनाको दरले सडक हेरालुहरु मिति २०८१ साल असार देखी असोज सम्म बढीमा १२० दिन काम गर्ने गरी दैनिक ज्यालादारीमा राख्न वडा कार्यालयलाई अख्तियारी दिने साथै सो वापतको भुक्तानी नियमानुसार गर्ने निर्णय गरियो । |
| ५ | यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मुख्य प्रशासनीक भवन निर्माणाधिन रहेको, सम्पन्न हुन अझै केहि समय लाग्ने देखिएको, हाल कार्यालय विभिन्न ठाउँ तथा भवनमा हुँदा सेवा ग्राहिलाई सेवा लिन साथै कार्यालयलाई सेवा दिन अप्ठ्यारो परेकाले सेवा प्रवाहमा समस्या देखिएको हुँदा सोलाई सुधार गरी राम्रो सेवा प्रवाह गर्न सकिने कार्यालय व्यवस्थापन गर्न अत्यावश्यक देखिएकाले यसै गाउँपालिकाको वडा नं. २ स्थित बन्दै गरेको गाउँपालिका कार्यालयको मुख्य प्रशासनीक भवनको छेउमा सम्पन्न भएको सेफ हाउस भवनको कोठाहरुमध्ये सेफ हाउस सञ्चालनको लागि आवश्यक कोठा छुट्याई बाकी कोठाहरु गाउँपालिकाको कार्यालयको रुपमा चाडै आवश्यक तयारी गरी राख्ने साथै गाउँपालिका कार्यालयलाई अपुग हुने थप भवन हाल रहेको २ नं. वडा कार्यालयको भवनलाई प्रयोग गर्ने र २ नं. वडा कार्यालयलाई हाल गाउँपालिकाको कार्यालय सञ्चालन भईरहेको भवनमा सार्ने निर्णय गरियो । |
| ६ | हालको पुर्वाधार विकास कार्यालय, सिन्धुलीमाढीवाट स्विकृत भई कार्यान्वयनमा रहेको Upgrading of Pipalbhanjyang Simle Khattar Hayutar Road, Sindhuli (Chainage: 12+800 To 23+000) को लागि तत्कालिन प्रादेशिक सडक डिभिजन कार्यालय, सिन्धुलीमाढी (हालको पुर्वाधार विकास कार्यालय) को सिफारिस बमोजिम सोहि कामको प्रयोजनकोलागि वडा नं. २ को मरिण खोलामा सञ्चालित क्रशरलाई निजले उत्खन्नन गरी प्रयोग गरेको Gravel, Base, Stone dust र Chips Materials वापतको राजश्व रकम गाउँपालिकाको विभाजिय कोष खातामा यथाशिघ्र जम्मा गर्न निर्देशन दिने साथै निजले रकम जम्मा नगरेमा यसै कार्यपालिका वोर्डबाट प्रचलित कानून बमोजिमको आवश्यक कार्वाहिको प्रकृया अगाडि बढाउने निर्णय गरियो । |
| ७ | आ.व. २०८१/०८२ को लागि प्रचलित कानून बमोजिम स्थानीय दररेट स्विकृत गर्नु पर्ने भएकोले सिन्धुली जिल्ला दररेटमा दुरी अनुसारको ढुवानी थप गरी दररेट निर्धारण समितिले पेश गरेको दररेट सहितको प्रतिवेदनलाई यस गाउँपालिकाको स्थानिय दररेटको रुपमा स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । |

CamScanner

८

आ.व. २०८१/०८२ को लागि संघीय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ प्राप्त रकमबाट नियमानुसार देहाय बमोजिमको योजनाहरु छनौट गरी कार्यान्वयनको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

| क्र.स | आयोजना को नाम | कुल बजेट रु. | वडा नं. | श्रमिक संख्या | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गुन्टेखोला सुकाचुरी सडक स्तरान्नती तथा सुकाचुरी भलिबल चौर मर्मत | ६,१२,०००।०० | १ | ९ | नेपाल सरकार | लागत साझेदारी |
| २ | सिम्ले आचार्य डाँडा पटवास गोरेटो बाटो मर्मत | १,३६,०००।०० | १ | २ | नेपाल सरकार | |
| ३ | टुनिभञ्ज्याङ डोटे छरछरे गोरेटो बाटो मर्मत | २,०४,०००।०० | १ | ३ | नेपाल सरकार | |
| ४ | रागेचौर देखि बछिउटार गोरेटो बाटो मर्मत | १,३६,०००।०० | १ | २ | नेपाल सरकार | |
| ५ | चिउरीवास फापरचुली पदमार्ग स्तरोन्नति | ४,०८,०००।०० | २ | ६ | आई.डि.ए | |
| ६ | हायुटार हिर्दिङ लामीडाँडा सडक स्तरोन्नति | ३,४०,०००।०० | २ | ५ | आई.डि.ए | |
| ७ | बस्तीपुर डुढगैरा सडक मर्मत | ३,४०,०००।०० | २ | ५ | आई.डि.ए | |
| ८ | पेमासालिङ गुम्बा जाने गोरेटो बाटो निर्माण | २,०४,०००।०० | ३ | ३ | नेपाल सरकार | |
| ९ | वडा कार्यलय देखि ल्होत्सेडाँडा सडक स्तरोन्नती | ३,०६,०००।०० | ३ | ४.५ | नेपाल सरकार | |
| १० | आ.वि. सोलाभञ्ज्याङ देखि गैरी कोल्टार गोरेटो बाटो मर्मत | १,३६,०००।०० | ३ | २ | नेपाल सरकार | |
| ११ | टेकनपुर देखि घट्टे ओरलो हुदै तामाजोर खोला गोरेटो बाटो तथा तीनघरे राखल गोरेटो बाटो मर्मत | १,३६,०००।०० | ३ | २ | नेपाल सरकार | |
| १२ | फिटिङ दोभान आहाले पदमार्ग निर्माण | २,०४,०००।०० | ४ | ३ | आई.डि.ए | लागत साझेदारी |
| १३ | स्याउरीडाँडा, सुब्बाडाँडा सडक मर्मत | २,०४,०००।०० | ४ | ३ | आई.डि.ए | |
| १४ | कालिखोला, लाखाङ, तीनघरे सडक मर्मत | २,०४,०००।०० | ४ | ३ | आई.डि.ए | |
| १५ | गोपे पैदलमार्ग र गोठडाँडा, चौकीडाँडा सडक मर्मत | १,३६,०००।०० | ४ | २ | नेपाल सरकार | |
| १६ | चैनपूर,सिङपाल सडक स्तरोन्नति तथा ज्ञानडाँडा बस्ती संरक्षण | ३,७४,०००।०० | ५ | ५.५ | आई.डि.ए | लागत साझेदारी |
| १७ | खरिबोट, चौतारा, साउने, खोल्मोडाँडा, ठकुरीडाँडा, गाईखर्क गोरेटो बाटो मर्मत | २,०४,०००।०० | ५ | ३ | आई.डि.ए | |
| १८ | ठाकुरथान,पहरिलेख सडक स्तरोन्नति | २,०४,०००।०० | ५ | ३ | आई.डि.ए | |
| १९ | गणेशथान सिचाइ मर्मत तथा निर्माण | २,०४,०००।०० | ५ | ३ | आई.डि.ए | लागत साझेदारी |
| | जम्मा | रु ४६,९२,००० | | | | |

| ९ | विविध सम्बन्धमा छलफल गर्दा: |
|---|---|
| क) | वडा नं. ५ स्थित शान्तेश्वरी स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर संचालनमा रहेको हुँदा, त्यहाँको बिरामीको चाप साथै आवश्यकताको आधारमा सरसफाइकर्मी १ जनाको दरबन्दी थप गरि नियुक्तीको प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| ख) | यस गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न खोला, खहरेबाट नदिजन्य सामाग्री (ढुगां, गिटी, बालुवा) उत्खन्न तथा निकासी गर्नका लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (IEE) तयार गर्ने निर्णय गरियो । |
| ग) | श्री आ.वि. लप्से भञ्ज्याङमा कार्यरत प्रा.शि.तृतिय स्थायी शिक्षक संगिता घिसिङ र श्री शारदा मा.वि. भैसेमा कार्यरत प्रा.शि.तृतिय शिक्षक (करार) श्री कृष्णहरि पोखरेल बिच पारस्पारीक सरुवा/कामकाजमा खटाउने निर्णय गरियो । |
| घ) | कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको मिति २०८१/०४/१५ गतेको समुदायमा आधारीत एक वडा एक कृषी उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट सम्बन्धी सूचना अनुसार यस गाउँपालिका वडा नं. ४ मा कृषी तर्फ ताजा तरकारी र पशु तर्फ वडा नं २ लाई छनौट गरी साथै यस गाउँपालिकाले सो कार्यक्रमको लागि व्यहोर्नु पर्ने रकमको स्रोत सुनिश्चिता गरी सोही बमोजिमको प्रस्ताव पेश गर्ने निर्णय गरियो । |